मिति: २०७६ .फागुन १५ गते बिहीवार, हेटौंडा

# अन्तर प्रदेश लोक सेवा आयोग प्रथम कार्यशाला गोष्ठी हेटौडा

## साझा अवधारणा तथा प्रतिबद्धता पत्र, २०७६

नेपालको संविधानको भाग–२३ लोक सेवा आयोग, धारा २४४ अनुसार प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने संवैधानिक व्यवस्था भएको र संघीय संसदबाट कानून बनाई प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ जारी भइसकेको छ। यसै आधार र मापदण्ड अनुसार प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, स्थानीय सरकारी सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा उपयुक्त उम्मेदवारको छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउन प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य, अधिकार र कार्यविधिलाई व्यवस्थित गर्न प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग ऐन जारी भएको छ। प्रदेश नं. १, प्रदेश नं. २, बागमती प्रदेश र प्रदेश नं. ५ गरी हालसम्म चारवटा प्रदेशहरूमा प्रदेश लोक सेवा आयोग गठन समेत भई कार्य प्रारम्भ भएको छ।

संघीय निजामती सेवा विधेयक छलफलमा रहेको कारणले प्रदेश तथा स्थानीय तहको निजामती सेवा ऐन नियमहरूको हालसम्म व्यवस्था हुन नसकेको भएतापनि सबै आयोगको कार्य प्रकृति र गठन प्रक्रिया समान रहेको हुँदा आयोगहरूबाट सम्पादन हुने कार्यमा एकरूपता ल्याउन, अन्तर प्रदेश सहकार्य र अनुभव आदान प्रदान गर्न तथा प्रदेश लोक सेवा आयोगको अन्य कानूनी तथा व्यवस्थापकीय पक्षमा साझा अवधारणा निर्माण गरी अगाडि बढ्नुपर्ने अवस्था महसुस गरिएको छ। यसै परिप्रेक्षमा हालसम्म गठन भइसकेका सबै प्रदेश लोक सेवा आयोगको अध्यक्ष, सदस्यहरू र जिम्मेवार राष्ट्रसेवक कर्मचारीहरू एवम् आयोग गठन भई नसकेका प्रदेशहरूका प्रतिनिधित्व गर्ने राष्ट्रसेवक कर्मचारीहरूको सहभागितामा बागमती प्रदेशका माननीय मुख्यमन्त्री श्री डोरमणि पौडेलको प्रमुख आतिथ्यता एवम् अन्य विशिष्ट व्यक्तित्वको गरिमामय उपस्थितिमा उद्घाटन सत्र सञ्चालन भएको र यस सत्रमा विषय विज्ञको रूपमा लोक सेवा आयोगका पूर्व माननीय सदस्य डा. गोविन्दप्रसाद कुसुमबाट **"आयोगको काम र भावीकार्य दिशा"** विषयमा कार्यपत्र प्रस्तुति गरिएको थियो। साथै बागमती प्रदेश, प्रदेश सभाका माननीय सभामुख श्री सानु कुमार श्रेष्ठको प्रमुख आतिथ्यतामा समापन भएको कार्यक्रम सहित मिति २०७६ साल फागुन १४ र १५ गते दुई दिने अन्तर प्रदेश लोक *सेवा आयोग प्रथम कार्यशाला गोष्ठी* बागमती प्रदेशको राजधानी हेटौंडामा सम्पन्न गरी निम्नलिखित बुँदाहरूसहितको अन्तर प्रदेश लोक सेवा आयोग हेटौंडा साझा अवधारणा तथा प्रतिबद्धता पत्र, २०७६ जारी गरिएको छ:

आयोगको मूल्य र मान्यता:

१. संविधानको धारा ३०६ को उपधारा (१) (ट) बमोजिम व्यवस्था भएको "संवैधानिक निकाय" भन्नाले यस संविधान बमोजिम गठन गरिएका आयोगहरूमध्ये लोक सेवा आयोग पनि उल्लेख

भएको र संविधानको भाग-२३ लोक सेवा आयोग, धारा २४४ अनुसार प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने व्यवस्था भए बमोजिम गठित प्रदेश लोक सेवा आयोगको पहिचान र प्रतिष्ठालाई अक्षुण्ण राखी सम्मानित र मर्यादित बनाउन आयोगका पदाधिकारीहरू सदैव कटिबद्ध रहने,

२. आफ्नो कार्य क्षेत्रभित्रका विभिन्न निकायहरूको रिक्त पदहरूको पदपूर्तिको लागि उम्मेदवारको छनौट गर्ने कार्यलाई स्वच्छ, निष्पक्ष र विश्वसनीय बनाउन संघीय कानून बमोजिम अपनाइएको सिद्धान्त र मापदण्डहरूलाई प्रदेश लोक सेवा आयोगहरूले दृढताका साथ अवलम्बन गर्ने,

३. संघीय संसदबाट पारित भई जारी भएको प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन २०७५ लाई आत्मसात गर्दै आवश्यकता अनुसार लोक सेवा आयोगको सहयोग लिन सदैव अग्रसर रहने,

४. प्रदेश लोक सेवा आयोगहरूले तयार गर्ने पाठ्यक्रमहरूमा यथासम्भव एकरूपता कायम गर्ने गरी आपसी समन्वय गर्ने,

५. योग्यता प्रणालीको आधारमा स्वच्छता र निष्पक्षता कायम गरी प्रदेश सरकार र स्थानीय तहलाई आवश्यक संख्यामा उत्कृष्ट र दक्ष जनशक्ति उपलब्ध गराउन सदैव प्रयत्नशील रहने,

<u>नीतिगत:</u>

१. संघीय निजामती सेवा ऐन, प्रदेश निजामती सेवा ऐन तथा स्थानीय सरकारी सेवा ऐनको व्यवस्थाका लागि तिनै तहका सरकारहरूको ध्यानाकर्षण गराउने,

२. कर्मचारी समायोजन ऐन, २०७५ को दफा १२ मा भएको व्यवस्था बमोजिम प्रदेश र स्थानीय तहको सेवा सम्बन्धी कानून नबनेसम्म निजामती सेवा सम्बन्धी प्रचलित कानून बमोजिम पदपूर्तिको प्रक्रिया अगाडि बढाउने,

३. समायोजन पछि प्रदेश सरकारका निकायहरू र स्थानीय तहहरूमा रिक्त रहेका माथिल्ला पदहरूमा भर्नाको जटिलतालाई फुकाउन संघीय निजामती सेवा ऐनमा विशेष व्यवस्थाका लागि प्रदेश सरकार मार्फत् नेपाल सरकारलाई लिखित रूपमा जानकारी गराउने,

<u>कार्यगत:</u>

१. प्रदेश सरकारको कार्य सम्पादनलाई प्रभावकारी बनाई जनतालाई सर्वसुलभ सेवा प्रदान गर्न अहम् भूमिका खेल्ने सक्षम जनशक्तिको समयमा नै आपूर्ति गर्ने कार्य प्रदेश लोक सेवा आयोगको भएको कुरालाई गम्भीरतापूर्वक मनन् गर्ने,

२. प्रदेश सरकार तथा स्थानीय तहलाई आवश्यक योग्य जनशक्ति यथासमयमा नै पदपूर्ति गर्ने,

३. आयोगको कार्यतालिका निर्माण, शैक्षिक योग्यता र पाठ्यक्रम निर्माण, दरखास्त फाराम, माग सङ्कलन र पदपूर्तिको पदसंख्या निर्धारण, विज्ञापन, लिखित परीक्षा सञ्चालन, उत्तरपुस्तिका, सङ्केत नम्बर तथा परीक्षण, लिखित परीक्षा नतिजा प्रकाशन, प्रयोगात्मक परीक्षा, सामूहिक छलफल तथा अन्तर्वार्ता, अन्तिम नतिजा प्रकाशन तथा सिफारिस गर्ने तथा निरीक्षण, बढुवा उजुरी, परामर्श, दक्ष वा विशेषज्ञको सेवा, गोपनीयता कायम गर्ने, वार्षिक प्रतिवेदन, नियम बनाउने सम्बन्धी व्यवस्थाहरू

प्रदेश लोक सेवा आयोग
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

लगायतका आवश्यक कार्यहरू गरी प्रदेश लोक सेवा आयोगको दक्षता र प्रभावकारिताको अभिवृद्धि गर्ने,

४. प्रदेश लोक सेवा आयोगहरूले आ-आफ्नो नियमावली, पाठ्यक्रम लगायतका नीतिगत व्यवस्थाहरू गरी २०७७ साल असार भित्र समायोजन ऐन, २०७५ बमोजिम परीक्षा सञ्चालन गर्ने गरी वार्षिक कार्यतालिका तयार गर्ने,
५. सवै आयोगहरूले परीक्षा सञ्चालन सम्बन्धी कार्यका लागि अनलाइन प्रणालीको विकास गर्ने,
६. रिक्त पद पदपूर्तिका लागि तोकिए बमोजिमको ढाँचामा माग आकृति फाराम भरी पठाउन प्रदेश सरकार र स्थानीय तहहरूलाई तत्काल पत्राचार गर्ने,
७. प्रदेश लोक सेवा अयोग ऐन तथा नियम बमोजिम अनुगमन तथा नियमनको कार्यलाई प्रभावकारी बनाउने,

अन्यः

१. आयोगहरूको काम कारवाहीमा एकरूपता ल्याउन प्रदेश लोक सेवा आयोगहरू बीच एक आपसमा अनुभवको आदान प्रदान, समन्वय र सहकार्यको संस्कृति विकास गर्ने,
२. प्रदेश लोक सेवा आयोगहरूले आ-आफ्नो (लोगो) प्रतीक चिन्ह तयार गर्ने,
३. सम्भव भए सम्म सबै आयोगहरुले साझा दक्ष विशेषज्ञको नामावली तयार गर्ने तथा कुनै एक प्रदेशको आयोगले अर्को प्रदेशको अयोगको दक्ष विशेषज्ञको नामावलीको सूचीबाट पनि सहयोग लिन सक्ने गरी आयोगहरू वीच समन्वय गर्ने,
४. स्वीकृत वार्षिक कार्यक्रम र उपलब्ध बजेटका आधारमा प्रदेश भित्रका जिल्लाहरूमा प्रदेश लोक सेवा आयोगको वार्षिक कार्यतालिका र आयोगले लिने परीक्षाको बारेमा स्थानीय तहमा समेत गई सचेतना कार्यक्रम सञ्चालन गर्ने,
५. स्वीकृत दरवन्दी अनुसार प्रदेश लोक सेवा आयोगलाई आवश्यक कर्मचारी उपलब्ध गराउन सम्बन्धित प्रदेश सरकारलाई अनुरोध गर्ने,
६. अन्तर प्रदेश लोक सेवा आयोग प्रथम कार्यशाला गोष्ठीको आयोजना गर्ने प्रदेश लोक सेवा आयोग बागमती प्रदेशलाई धन्यवाद दिने।
७. २०७७ सालमा अन्तर प्रदेश लोक सेवा आयोग दोश्रो कार्यशाला गोष्ठी प्रदेश लोक सेवा आयोग, प्रदेश नम्बर १ को आयोजनामा बिराटनगरमा गर्ने।
८. कार्यशाला गोष्ठीलाई सफलतापूर्वक सम्पन्न गर्न पुऱ्याउनु भएको सहयोगका लागि बागमती प्रदेशका माननीय मुख्यमन्त्री, माननीय सभामुख, श्रीमान् प्रमुख सचिव लगायत सवैप्रति हार्दिक आभार तथा धन्यवाद प्रकट गर्ने ।